नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरवार, काठमाडौं

**(स्थानीय तह कर्मचारी प्रशासन शाखा)**

**पत्र संख्या : ०७९/८०**

**चलानी नं : १६०५**

मितिः २०८०/०३/१०

विषयः <u>जानकारी सम्बन्धमा ।</u>

श्री स्थानीय तहहरु (सबै) ।

प्रस्तुत विषयमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, कर्मचारी प्रशासन शाखाको च.नं. ४८९७, मिति २०८०/०३/०४ को "स्थानीय तहमा स्वास्थ्य सेवाका कर्मचारी व्यवस्थापन सम्बन्धमा" र च.नं. ४८९७, मिति २०८०/०३/०४ को "निर्णय सम्प्रेषण गरिदिनु हुन" सम्बन्धी पत्र आवश्यक जानकारीको लागि यसैसाथ संलग्न गरी पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

२०८०/०३/१०

(टेक प्रसाद भट्टराई)

शाखा अधिकृत

बोधार्थः

श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, काठमाडौं ।

नेपाल सरकार
# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
(कर्मचारी प्रशासन शाखा)

फोन नं. ४२६२५९०, ४२६२८०२, ४२६२७०६, ४२६२९३५, ४२६२८६२, ४२२३५८०

रामशाहपथ,
काठमाडौँ, नेपाल ।

प्राप्त पत्र संख्या :-
पत्र संख्या :- ०७९/०८०
चलानी नं. :- ४८९६

मिति : २०८०।०३।०४

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.:- ४६६२
दर्ता मिति:- ३।५

विषय :- निर्णय सम्प्रेषण गरिदिनु हुन ।

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाडौं ।

कर्मचारी समायोजन ऐन, २०७५ अनुसार स्थानीय तह अन्तर्गत समायोजन भएका कर्मचारीहरूको संघ, प्रदेश तथा स्थानीय तहको कानूनी व्यवस्था नभएसम्मको लागि गुनासो सुनुवाई गर्ने सम्बन्धमा सम्बन्धित स्थानीय तहहरुको दोहोरो सहमति/सिफारिसका आधारमा यस पूर्व कामकाजमा खटाउने गरिएकोमा यसले दरबन्दी भएका दुर्गम क्षेत्रका स्वास्थ्य संस्थाहरुमा स्वास्थ्यकर्मी खाली हुने तर शहरी क्षेत्रका स्वास्थ्य संस्थाहरुमा दरबन्दी भन्दा बढी स्वास्थ्यकर्मी भएका कारण केही स्थानीय तहका कर्मचारीले तलब, भत्ता पाउन बाँकी रहेको भन्ने गुनासो आइरहेकोले यसलाई व्यवस्थित गर्न यस मन्त्रालय (मा.मन्त्रीस्तर) को मिति २०८०।०३।०४ मा भएको यसै साथ संलग्न निर्णय कार्यान्वयनका लागि सबै स्थानीय तहहरुलाई सम्प्रेषण गरिदिनु हुन अनुरोध छ ।

२०८०।३।४

(कृष्ण थापा)
उपसचिव

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सचिवज्यूको कार्य कक्ष
दर्ता नं.:- ५६२
दर्ता मिति:- ०८०।३।६

नेपाल सरकार
# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
(...............कर्मचारी प्रशासन...............शाखा)

फोन नं. ४२६२५९० ४२६२८०२ ४२६२७०६ ४२६२९३५ ४२६२८६२ ४२२३५८०

रामशाहपथ,
काठमाडौं, नेपाल ।

प्राप्त पत्र संख्या :-
पत्र संख्या :- ०६९।०८०
चलानी नं. :- ४८९६

नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय रामशाहपथ, काठमाडौं

मिति : २०८०।०३।०४

विषय :- स्थानीय तहमा स्वास्थ्य सेवाका कर्मचारी व्यवस्थापन सम्बन्धमा ।

श्री स्थानीय तहहरु सबै ।

कर्मचारी समायोजन ऐन, २०७५ अनुसार स्थानीय तह अन्तर्गत समायोजन भएका कर्मचारीहरूको संघ, प्रदेश तथा स्थानीय तहको कानूनी व्यवस्था नभएसम्मको लागि गुनासो सुनुवाई गर्ने सम्बन्धमा सम्बन्धित स्थानीय तहहरुको दोहोरो सहमति/सिफारिसका आधारमा यस पूर्व कामकाजमा खटाउने गरिएकोमा यसले दरबन्दी भएका दुर्गम क्षेत्रका स्वास्थ्य संस्थाहरुमा स्वास्थ्यकर्मी खाली हुने तर शहरी क्षेत्रका स्वास्थ्य संस्थाहरुमा दरबन्दी भन्दा बढी स्वास्थ्यकर्मी भएका कारण केही स्थानीय तहका कर्मचारीले तलब, भत्ता पाउन बाँकी रहेको भन्ने गुनासो आइरहेकोले यसलाई व्यवस्थित गर्न निम्नानुसार गर्न, गराउन यस मन्त्रालय (मा.मन्त्रीस्तर) को मिति २०८०।०३।०४ को निर्णय कार्यान्वयनको लागि अनुरोध छ।

१. यस पूर्व पालिकाबाट सहमति पत्रमा पद रिक्त छ, तलब भत्ता भुक्तानी हुनेछ, सरुवा/कामकाज गर्न खटाई पठाईदिनु भन्ने व्यहोरा लेखि आएको आधारमा मन्त्रालयले कर्मचारी कामकाज गर्न खटाउने गरेकोमा अर्थ मन्त्रालयले आ.व. ०८०/०८१ देखि स्वीकृत दरबन्दी भन्दा बढी कर्मचारीको तलब भत्ता दिन नसकिने खुलाएकोले स्थानीय तह आफैले आवश्यकता हेरी यस सम्बन्धी व्यवस्था गर्नुहुन,

२. प्रदेश तहबाट कानून वने पछि प्रदेश तथा स्थानीय तहका स्वास्थ्य सेवाका कर्मचारीहरुको व्यवस्थापन सोही बमोजिम हुने हुँदा नेपाल सरकार (मन्त्रिपरिषद्)बाट स्वीकृत दरबन्दी भित्रको रिक्त पद बाहेक अन्य कुनै पनि पदमा कामकाज गर्न खटाउने गरी सिफारिस नगर्नु नगराउनु हुन । साथै नेपाल सरकार (मन्त्रिपरिषद्)बाट स्वीकृत दरबन्दी बाहेकको पदमा संघलाई आर्थिक भार पर्ने गरी प्रदेश लोक सेवा आयोगबाट स्थायी पूर्ति नगर्न, नगराउनु हुन,

३. स्वास्थ्य सेवाका कर्मचारीहरु आ-आफ्नो कार्यक्षेत्रमा खटिई नियमित रुपमा विरामीहरुको उपचारमा संलग्न हुनुपर्ने जिम्मेवारी भएकोले सरुवा, काज वा अन्य कुनै पनि वहानामा मन्त्रालय/विभागमा आउने कार्यलाई स्थानीय तहको नेतृत्वले नियन्त्रण/निगरानी गर्न हुन,

४. कर्मचारीहरुको अभिलेख व्यवस्थापन गर्ने कार्यलाई प्राथमिकता दिन र कर्मचारीको व्यक्तिगत विवरण अद्यावधिक गर्न, गराउनु हुन,

नेपाल सरकार
# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
(कर्मचारी प्रशासन शाखा)

फोन नं. ४२६२५९०, ४२६२८०२, ४२६२७०६, ४२६२९३५, ४२६२८६२, ४२२३५८०

रामशाहपथ,
काठमाडौं, नेपाल ।

प्राप्त पत्र संख्या :-
पत्र संख्या :- 069/080
चलानी नं. :- ४८९६

नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय रामशाहपथ, काठमाडौं

मिति : ........................

विषय :-

५. यस मन्त्रालयबाट कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम समायोजन भएका कतिपय कर्मचारीहरु समायोजन पत्र बुझी समायोजन भएको निकायमा हाजिर नभएको बुझिन आएकोले यथाशिघ्र रमाना गरी पठाउने व्यवस्था गर्नुहुन,

६. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट मिति २०७९।०३।२१ मा ५/१०/१५ शैयाको आधारभूत अस्पतालको दरबन्दीको नमूना तयार भएको तर नेपाल सरकारद्वारा हालसम्म संगठन संरचना तथा दरबन्दी स्वीकृत भईनसकेको हुँदा संघीय सरकारमा आर्थिक भार नपर्ने गरी पालिकाको आवश्यकता र आर्थिक श्रोत हेरी कर्मचारीसँगै तलब, भत्ता, अन्य सुविधाको व्यवस्थापन पालिकाबाटै हुन। साथै केही स्थानीय तहले आधारभूत स्वास्थ्य सेवा केन्द्र सञ्चालनको लागि स्वास्थ्यकर्मी नियुक्ति गरेको कारण संघीय सरकारमा थप आर्थिक भार परेको हुँदा आगामी आ.व.मा स्वास्थ्यकर्मीको तलब, भत्ता व्यवस्थापन पालिकाबाटै हुन,

७. राष्ट्रिय किताबखाना (निजामती)मा दर्ता भएका निकाय र पदहरु बाहेकका पदमा कार्यरत कर्मचारीहरूको तलब, भत्ता नेपाल सरकारबाट उपलब्ध गराउन नसकिने ।

2080/3/18

(कृष्ण थापा)
उपसचिव